'मेरो बैंक, तपाईंको बैंक, हामी सबैको बैंक'

अर्धवार्षिक बुलेटिन

# मुक्तिनाथ दर्पण

२०७६ माघ | वर्ष ९ | अंक १



# समृद्धिका पाईलाहरू

visit Nepal 2020 Lifetime Experiences

Member of global alliance for banking on values

खुशी थप्दै

मुक्तिनाथ विकास बैंक लि.

MUKTINATH BIKAS BANK LTD.

'जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ'




## बैंकको चुक्ता पूँजी रू. ४ अर्ब ३२ करोड

मुक्तिनाथ विकास बैंकले आफ्नो १३ औं वार्षिक साधारण सभा मिति २०७६ मंसिर ३० गते पोखरामा सम्पन्न गरेको छ । उक्त साधारण सभाले चुक्ता पूँजीको १८.५३ प्रतिशतले हुने रकम बोनश सेयर प्रदान गर्ने प्रस्ताव पारित गरेको थियो ।

यस पश्चात बैंकको चुक्ता पूँजी रू. ४ अर्ब ३२ करोड पुगेको छ ।



# Message From CEO



During 2076, my third year as Bank`s CEO, I, along with the entire Leadership Team, have focused on three priorities:

- Restoring profitability in the business.
- Maximizing the potential of our successful Micro Banking Model and Retail based Finance program.
- Overall, making Muktinath Bikas Bank more efficient and effective

I am confident these priorities, and the firm actions driving them, are right for the Bank. These will strengthen the Bank and provide greater shareholder value for many years to come, building off the foundation we have in our clear values, solid balance sheet, integrated business model, excellent people and trusted brand. They will enable us to advance further with our Profit with Purpose Business Plan, through which we leverage our business to build for a better society.

We have done much work toward these priorities in 2019, and I am proud of the progress we have made. Within Banking, for instance, we are much more disciplined at financing projects, sticking to core finances to retail sector and geographies and placing profit ahead of volume. By being more specific our Books are transforming to a healthier base. Also, we are implementing better ways of controlling actions and managing risks. We are on our way to gradually be stable organization as a whole.

We continue to integrate sustainability into our business, enabling us to deliver better solutions for customers, drive operational efficiencies, manage risks and support our people and society in key ways. Our sustainability focus areas encompass Health and Safety, Ethics, Green, Community Investment and Diversity and Inclusion. These are closely linked to the United Nations' (UN) Sustainable Development Goals, and they help us continuously uphold the universal sustainability principles defined by the UN Global Compact.

यस अवधि सम्म आइपुग्दा, मेरो यस विकास बैंकसंगको तीन बर्षको यात्रामा, म कार्यकारी प्रमुख र मेरा सम्पूर्ण सहकर्मी साथीहरू मुख्यतः तीन कुरामा केन्द्रीत रहेका छौं ।

१) व्यवसायमा उचित प्रतिफल
२) साना तथा लघु बैंकिङ्को सम्भावना पहिल्याउँदै खुद्रा लगानिमा केन्द्रीत भई कर्जा विस्तार गर्ने
३) बैंकलाई सक्षम र प्रभावकारी बनाउने

यी हाम्रा प्राथमिकता तथा बैंकले चालेका कदमहरू सही दिशातर्फ उन्मुख भई संस्थाको उद्देश्य प्राप्त गर्ने कुरामा म विश्वस्त छु । यसले बैंकलाई अझ बलियो बनाउनेछ साथै आगामी दिनहरूमा लगानिकर्तालाई राम्रो प्रतिफल सुनिश्चित गर्नेछ । यस बैंकको जग बलियो हुनेछ, वासलात सबल रहनेछ, एकीकृत व्यवसायको नमूना रहनेछ, साथै यस विकास बैंकको व्यवसायिक ख्याति अझै वृद्धि हुनेछ । आगामी दिनमा हाम्रो संस्थाको साख वृद्धि भई हामीलाई व्यवसाय गर्न सहज हुनेछ ।

यी तीन प्राथमिकतामा केन्द्रीत रहेर सन् २०१९ मै हामीले धेरै गरिसकेका छौं, जस प्रति म गौरवान्वित छु । बैंकिङ्ग व्यवसाय भित्र विभिन्न प्रकारका साना लगानी तथा भौगोलिक रूपमा नसमेटिएका वर्ग तथा क्षेत्रमा लगानी केन्द्रीत गरी सृजित आम्दानीले यस बैंकलाई स्वस्थ बनाएको कुरामा म विश्वस्त छु । व्यवसायमा निहित जोखिमलाई घटाउन निरन्तर थप कार्य भईरहेको छ । समग्रमा समुन्नत समाजको निमार्ण गरी यस बैंकलाई स्थायित्व प्रदान गर्ने तर्फ हामी सबै उन्मुख छौं ।

हाम्रो सेवाको दीर्घकालीन स्थायित्व कायम गर्न हामी उत्कृष्ट ग्राहक सेवा, संचालन कार्यकुशलता, जोखिम व्यवस्थापन तथा ग्राहकको सही वित्तीय सहयात्री बन्न हामी हरपल तल्लीन छौं । यसको लागि हाम्रा प्राथमिकताका क्षेत्रहरू, स्वस्थ तथा सुरक्षित बैंकिङ्, मूल्य तथा मान्यता, हरित वातावरणिय लगानी तथा लगानीमा विविधता कायम गर्नेछौं । हाम्रा यी लक्ष्य तथा प्राथमिकताहरू संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य तथा यसको अन्य सिद्धान्तहरूसंग समेत मेल खाने किसिमको रहेको छ । यसै अनुरुप हाम्रो सेवालाई विस्तार गर्ने व्यहोरा जानकारी गराउन चाहन्छु ।

खुशी थप्दै

# उद्यमशील हातहरू




## २० हजारको बीउ

हाम्रो खरको छानोलाई जस्ता पाता छायौ !
मुक्तिनाथ आयो र पो सबै कुरा पायौँ ! !
संसार नै अध्यारो थियो आर्थिक अभाव हुँदा ! ! !
मुक्तिनाथले साथ दियो मेरो मन रूँदा ! ! ! !

समस्या र पिडाले मान्छेलाई साहित्य सिकाउँदो रहेछ । आफ्ना दु:खका तानावानालाई साहित्यिक सिर्जना गर्दा गर्दै उहाँ साहित्यकार पनि बन्नु भयो र एक सफल उद्यमी पनि । माथि उल्लेखित हरफमा, ती विगतका दु:ख र कष्टकर अनुभुतिले उहाँको साहित्य सिर्जनामा मलजल गरी रहेको प्रष्ट देखिन्छ । आज उहाँ खुसी र सुखी हुनुहुन्छ, सुन्दर भविष्यको रूपरेखा कोरी सक्नु भएको छ । समाजले उहाँलाई एक संघर्षशील, ईमान्दार, नैतिकवान, सुशील र बौद्धिक व्यक्तिको रूपमा चिन्दछ । उहाँको समाजमा माथि भनिएका विशेषताहरू जोडेर, त्यो को हो भनी सोध्दा सायद अम्बीका देबी भण्डारी भनेर नचिन्ने कमै होलान् ।

उहाँ ढिकुरपोखरी, ठुलाचौर, कास्कीमा २०३७ सालमा जन्मनु भयो । विवाह पश्चात बच्चालाई पिठ्युँ र कोखामा बोक्दै भविष्य निर्माणको लागि पोखरा झर्नु भयो । २०६७ सालदेखि मुक्तिनाथ विकास बैंकको समूहमा आवद्ध भई विना धितो रू. २० हजार कर्जा लिई चिया पसल व्यवसाय शुरू गर्नु भयो । यो व्यवसायबाट उहाँलाई फाईदा पनि हुँदै गयो र व्यवसाय गर्ने सीप र कला पनि विकास हुँदै गयो । केही वर्ष सम्म चिया पसल संचालन पछि, व्यवसायलाई विविधिकरण गर्दै किराना पसल पनि विस्तार गर्दै जानु भयो र सोमा पनि सफलता मिल्दै गए पछि पेय पदार्थको डिलर पनि लिएर संचालन गर्दै आउनु भएको छ । अब, उहाँले चिया पसल छोडेर "करूणा किराना पसल" निकै राम्रो गरी सञ्चालन गरी रहनु भएको छ ।

यस अवधिमा उहाँले ७ पटक सम्म विना धितो कर्जा लिई चुक्ता गरी सक्नु भएको छ । अहिले पनि रू. ४ लाख विना धितो कर्जा सोही व्यवसायमा नै लगानी गर्नुभएको छ । उहाँको पसलमा हाल करिव रू. ५० लाख भन्दा बढीको सामानहरू रहेको छ । रू. २० हजारको कर्जाको यात्रा आज निकै ठूलो भै सकेको छ । व्यवसायमा ईमान्दारिता र धैर्यतासंग मेहनत र संभावनाहरूको खोजी महत्वपूर्ण रहेको उहाँ बताउनु हुन्छ । व्यवसाय वृद्धि र साहित्य सिर्जनालाई निरन्तरता दिने उहाँको योजना रहेको छ ।

प्रस्तुतीः
श्री विष्णु गौतम
शाखा कार्यालय चिप्लेढुँगा, पोखरा

## श्रेष्ठको कृषिबाटै श्रेष्ठता

धादिङ जिल्ला धुनिबेशी न.पा. वडा नं. ८, खानीखोला, (चाईनिज ईट्टा भट्टा) निवासी वर्ष ३८ का श्री सुवाश श्रेष्ठ उत्कृष्ट कृषकहरू मध्येबाट एक उदाहरणको पात्र हुनुहुन्छ । उहाँको परिवारमा आमा, बुबा, श्रीमती, २ छोरा र १ छोरी गरी ७ जना हुनु हुन्छ । पारिवारिक दायित्व पुरा गर्दै आफ्नो आश्रित परिवारको पालनपोषणको लागि रोजगारी खोज्दै विभिन्न देश भौंतारिएता पनि बैदेशिक रोजगारीले नत सन्तुष्टी दियो नत आय आर्जन नै । २०६४/०६५ साल तिर उहाँ कतार जानु भयो, तर अपेक्षा गरे अनुरूप कमाई नभएपछि १७ महिनामा नेपाल फर्किनु भयो । त्यस पछि कुवेत जानु भयो, त्यहाँको गर्मी सहन नसकेर ३ महिना मै फर्किनु भयो । फेरी, दुबई जानु भयो, दुबई बसाई पनि कष्टकर भयो र १ वर्ष मै फर्किनु भयो । अन्तिम पटक साउदी अरब जानु भयो, अरू देशमा भन्दा त्यहाँ अलि धेरै समय बसे पनि कमाई भने भएन । यसरी ४ ओटा देशमा कुल करिव ८ वर्ष विदेश जाने र आउने गरे पनि हातमा केही आएन । पटक पटक अर्काको देशमा भौंतारिएर हिडी रहनु भन्दा अब जे गर्नु पर्दछ, यही आफ्नै देशमा गर्ने अठोट लिएर कृषिमा रहेको संभावनाहरूलाई व्यवसायिक पेशाको रूपमा विकास गर्ने अठोट गर्नु भयो । त्यही अठोट र मेहनतले उहाँ आज एक उत्कृष्ट र सफल कृषकको परिचय बनाई सक्नु भएको छ ।

उहाँ व्यवसायिक कृषिमा होमिएको ५ वर्ष भयो । अहिले करिब १२ रोपनी जग्गा भाडामा लिई विभिन्न प्रकारका तरकारी खेती गर्दै आउनु भएको छ । उन्नत जातको बीउविजनबाट उन्नत तरिकाले खेती गरी उन्नत कमाई गर्न सफल हुनु भएको छ । यो पेशाले उहाँको सबै परिवारलाई क्षमता अनुसारको रोजगार पनि दिएको छ । हिजो आज, ४ रोपनीमा काउली खेती, ४ रोपनीमा फर्सी खेती र ४ रोपनीमा सिमी लगाउने कार्यमा व्यस्त हुनुहुन्छ । सिजन अनुसार हरेक पटक (४/४ महिनामा) रू. ४ देखि ५ लाख सम्म कमाई गर्न सफल हुनु भएको छ । वार्षिक रूपमा यति कमाई विदेश बस्दा कहिल्यै भएन । हाल सम्मको कमाईले ४ कोठे आर. सी. सी. घर को पहिलो तला बनाई सकेर दोस्रो तला फिनिसिङ गर्दै हुनुहुन्छ । तरकारी खेती वाहेक १ ओटा उन्नत जातको गाई र ८ ओटा बाख्रा पनि पाल्दै आउनु भएको छ । आजभोलि दैनिक ९ लिटर दुध बेच्नु हुन्छ र त्यही आम्दानीले घर खर्च चलेको छ । तरकारी खेतीको आम्दानीले कर्जाको किस्ता, व्यवसाय विस्तार र घर निर्माण गर्दै आउनु भएको छ । तरकारी खेती र कृषि कार्यबाट नै आम्दानी, बचत र सम्पत्ति जोड्न सकिने उदाहरण उहाँले देखाउनु भएको छ । उहाँ भन्नु हुन्छ, *"विदेशमा गर्ने जति मेहनत यहाँ गर्ने हो भने त सजिलै सुन फलाउन सकिन्छ"* । ८ वर्ष सम्मको बैदेशिक रोजगार र यात्राले उहाँलाई पाठ सिकाएको छ । यहाँ रहनु भएका युवाहरूलाई "नेपालमै बसेर आफैले केही स्वरोजगार हुने पेशा/व्यवसाय अंगालेमा यहीं पनि मनग्य आम्दानी गर्न सकिन्छ । अर्काको देशमा मेहनत, पसिना र बल बेच्नु पर्दैन" भन्नु हुन्छ । कृषि उपजको बजार व्यवस्थापन र मूल्यको सुनिश्चतता भए कमाई अझै बढ्ने संभावना उहाँले देख्नु भएको छ ।

मुक्तिनाथ विकास बैंकको लघुवित्त कार्यक्रम अन्तर्गत पुरूष समूहमा आवद्ध भई विगत ३ वर्षदेखि निरन्तर बचत तथा कर्जाको

कारोबार गर्दै आउनु भएको छ । सम्पूर्ण बैंकिङ्ग सुविधा मुक्तिनाथबाट नै पाएकोले आफू सन्तुष्ट रहेको बताउनु हुन्छ ।

प्रस्तुति :
बद्री श्रेष्ठ
शाखा कार्यालय धार्के, धादिङ्ग



## एकल भए पनि सफल

हाम्रो नेपाली समाज विशेष गरी महिलालाई घर वाहिरको काममा सहजै स्वीकार गरेको पाइँदैन । त्यसमा पनि व्यापार व्यवसायमा पनि महिलाको उपस्थिति अझै न्यून छ । तर पनि एक महिला मात्रै नभई घरमा २ छोरीहरू सहित इलेक्ट्रोनिक्स व्यवसाय धानेकी एक सफल व्यवसायी हुनुहुन्छ श्री निरू श्रेष्ठ । पोखरा महानगरपालिका-११, रानीपौवा स्थित न्यू गण्डकी बहुउद्देश्यीय प्रा.लि.को नाममा इलेक्ट्रोनिक्स सरसामानको बिक्री तथा वितरण र मर्मत समेत कार्य गर्ने गरी व्यवसाय सञ्चालन गरी रहनु भएको ।

सुरूवातमा सानो रूपमा केही विद्युतीय सामान, केही कस्मेटिक समान, केही स्टेशनरी सामान बिक्रि गर्ने उद्देश्यले व्यवसाय शुरू गर्नु भएको थियो । आफू पसलबाटै सामान बिक्रि गर्ने र श्रीमान् साइकलमा मार्केटिङ्को लागि घरघर र पसल पसलमा जाने गर्नु हुन्थ्यो । आफ्नो व्यवसाय बृद्धि गर्ने उद्देश्यले २०६७ सालमा मुक्तिनाथ विकास बैंकको लघुवित्त कार्यक्रमबाट पहिलो कर्जा रू. ३० हजार लिएर सोही व्यवसायमा लगानी गर्नु भयो । उहाँको व्यवसायलाई विस्तार गर्ने क्रममा यस अवधिमा विभिन्न प्रकारका विना धितो कर्जाहरू समेत गरी १६ पटक कर्जा परिचालन गरी सक्नु भएको छ । हाल पनि उहाँले विनाधितो कर्जा रू. ३ लाख ८० हजार कर्जा परिचालन गरी रहनु भएको छ । कर्जा भनेको बेलामा पाईदैन तर बचत आफूले चाहेको बखत परिचालन गर्न सकिन्छ भनेर भैपरी खर्च व्यवस्थापनको लागि बचत पनि राम्रो गर्नु भएको छ । हाल उहाँको व्यवसायबाट मासिक रू. २ लाख आम्दानी हुने गरेको छ ।

उहाँले आफू मात्र नभई आफ्नो दिदी बहिनीहरूलाई पनि सोही प्रकृतिको व्यवसायमा सँलग्न हुन अभिप्रेरित गरी सफल व्यवसायी बनाउनु भएको छ । हाल उहाँको व्यवसायमा ३ जनाले रोजगार पाउनु भएको छ । व्यवसाय बृद्धि र घरखर्च वाहेक पनि आम्दानीबाट पोखराको भलाम र हेम्जामा घडेरी जोड्न सफल हुनु भएको छ ।

बैंकको विनाधितो कर्जा कारोबारबाट व्यवसाय गर्ने र बचत गर्ने राम्रो पाठ सिकेको बताउनु हुन्छ निरू श्रेष्ठ । उहाँमा दैनिक बचत गर्ने बानीको विकास भएको, व्यवसायमा आयव्ययको हिसाब किताब राख्ने गरेको, सम्पत्ति जोड्न सफल भएको र पारिवारिक अभिभावकत्व प्रदान गर्न सफल भएको बताउनु हुन्छ । आफूले थोरै मात्र पढेता पनि २ छोरीहरूलाई पढाउनु पर्दछ भन्ने सोचले दुवै छोरीहरूलाई स्नातक सम्म पढाउनु भएको छ । विभिन्न सामाजिक संस्थाहरूमा पनि त्यत्तिकै सक्रिय हुनु हुन्छ भने व्यवसायमा पनि राम्रो दखल बनाई सक्नु भएको छ ।

२०७४ सालमा श्रीमान्को असामयिक निधन पश्चात उहाँले नै व्यवसायको नेतृत्व लिनु भएको छ भने २ छोरीहरूले पनि सक्रिय रूपमा व्यवसायमा साथ दिनु भएको छ । आफ्नो व्यवसाय र कारोबारलाई अझै विस्तार गर्दै जाने योजना रहेको उहाँ बताउनु हुन्छ ।

प्रस्तुती :
नगेन्द्र राज पौडेल
पोखरा अनुगमन कार्यालय



## तित्याङ्गको सौगात

बाग्लुङ्ग जिल्ला, जैमिनी न.पा. वडा नं. ६ जैदी गाउँमा स्थायी घर भै हाल बाग्लुङ्ग सदरमुकाम नजिकै तित्याङ्गमा व्यवसायिक कृषिमा रमाई रमाई कमाएका एक सफल कृषक हुनुहुन्छ, टंक राना । उहाँको हाल २ वटा च्याउ खेतीको टनेल छ, उन्नत जातका ५ वटा माउ गाईहरू र ३ बाच्छी छन् र करिव ५ रोपनी क्षेत्रफलमा २०० घारी केरा खेती गर्दै आउनु भएको छ । उक्त व्यवसायबाट उहाँको मासिक औषत रू. ७० हजार खुद बचत हुन्छ भने आफू र श्रीमतीले पूर्णकालिन रोजगार पनि पाउनु भएको छ ।

उहाँको विगत तर्फ फर्कर हेर्दा, घरको जेठो छोरा, ८ कक्षा पढ्दै गर्दा १५ वर्षको कलिलो उमेरमा काकासंगै भारत जानु भयो । भारतमा पनि काम गर्दै पढ्दै गर्नु भयो र भारतबाट नै १० कक्षा पास गर्नु भयो । करिव १५ वर्ष भारतमा बसे पछि नेपाल फर्कर विवाह गर्नु भयो । विवाह पश्चात पनि पारिवारिक ऋण र आयआर्जनको लागि पुनः भारत नै जानु भयो र २ वर्ष पछि नेपाल फर्किनु भयो । अब भारतमा गई मजदुरी गर्नु भन्दा नेपालमै कृषिलाई व्यवसायिक तवरले सञ्चालन गर्छु भन्ने आँटले २०७० सालमा गाउँबाट तित्याङ्गमा आई जग्गा भाडामा लिई, साहुबाट सयकडा ३ मासिक व्याजमा रू. ३ लाख ऋण लिई गोठ बनाउनु भयो र १ वटा जर्सी गाई

पालन गरी व्यवसाय शुरूवात गर्नु भयो । व्यवसाय शुरूवात त भयो, आम्दानी पनि सन्तोषजनक नै थियो तर महंगो ऋणमा किनेको गाईको मात्र आम्दानीले व्यवसाय विस्तार गर्न सक्ने गरी आम्दानी भएन । उहाँ २०७३ सालमा मुक्तिनाथ विकास बैंकको बाग्लुङ्ग शाखाको कर्मचारीसंग सम्पर्क भयो र आफ्नो व्यवसाय र भावि योजना पनि बैंकका कर्मचारीलाई बताउनु भयो । उहाँको व्यवसाय र योजना उचित भएकोले उहाँलाई पहिलो विनाधितो कर्जा रू. १ लाख प्रदान गरियो । उक्त कर्जाबाट उहाँले १ वटा थप गाई खरीद गरी बाँकी रहेको रकमले च्याउको बीउ खरिद गरी च्याउ खेतीको सुरूवात गर्नु भयो ।

हाल सम्म उहाँले विनाधितो कर्जा ५ पटक परिचालन गरी सक्नु भएको छ । सो रकमहरू सोही व्यवसायको विस्तार र स्तरोन्नतीमा लगानी गर्नु भएको छ । व्यक्तिगत रूपमा सञ्चालन भएको व्यवसायलाई "सौगात कृषि तथा पशु फर्म"को नाममा दर्ता गरी बैधानिकता दिनु भएको छ । आफ्ना उत्पादनहरू बिक्रि गर्न कुनै समस्या नरहेको, यही स्थानीय बजारमा सजिलै बिक्रि भई रहेको छ । विगतमा भारतमा गरेको मेहनत यही गरेको भए, अझै राम्रो गर्न सकिदो रहेछ तर भारतले मलाई मेहनत र संघर्ष गर्न सिकायो, त्यही सिकाईले मलाई यहाँ व्यवसाय गर्न उर्जा दिई रहेको उहाँ बताउनु हुन्छ । यही व्यवसायलाई नै थप सुदृढ गर्दै लैजाने योजना उहाँको रहेको छ ।

प्रस्तुती :
नारायण ढकाल
शाखा कार्यालय बाग्लुङ्ग





## आकर्षक आवास तथा सेयर कर्जा

आवासीय प्रयोजनका लागि घर निर्माण, मर्मत, तला थप गर्न, कम्पाउण्ड लगाउन, घर फर्निसिङ्ग गर्न वा घडेरी खरीद गर्नका लागि "आधाको ब्याज, आधाको किस्ता, साथमा पाउनुहोस नगद फिर्ता" भन्ने मुल नाराका साथ आवास कर्जा सञ्चालनमा ल्याएको छ । आवास कर्जा आकर्षक ब्याजदरमा २० वर्षसम्मको लागि लिन सकिनेछ ।

यसका साथै, बैंकले पूँजी बजारमा लगानी गर्नका लागि सेयर धितो राखी "सेयर कर्जा" सुविधा पनि सञ्चालन गरेको छ । यो कर्जा, धितो राखेको कुल सेयर मूल्यको ६५% सम्मले हुने रकम १ वर्षसम्मका लागि प्रदान गरिन्छ ।

## व्यवसायीक/वित्तीय साक्षरता कार्यक्रम

मुक्तिनाथ विकास बैंक लि. विभिन्न कार्यक्षेत्रका स्थानीय उद्योगी, व्यवसायीहरूलाई व्यवसायीक साक्षरता कार्यक्रम सम्पन्न गरेको छ । व्यवसायीक साक्षरता कार्यक्रममा व्यवसायको खोजी तथा व्यवस्थापन, व्यवसाय दर्ता, बजार व्यवस्थापन, बजार प्रबर्द्धनको आवश्यकता, कानुनी प्रकृयामा कागजात तथा कार्यविधी, दोहोरो लेखा प्रणाली, आय कर, मूल्य अभिबृद्धि कर ऐनमा भएका संसोधनहरू, वित्तीय कारोबार बारे चेतना जगाउने, कर्जा तथा विप्रेषणबाट प्राप्त रकमको उत्पादनमूलक लगानी, व्यवसायमा जोखिम तथा न्यूनीकरण लगायतको विषयमा चेतनाको अभिबृद्धि गराउने मुख्य उद्देश्य रहेको थियो । बैंकले हाल सम्म पोखरा, वालिङ्ग, दुलेगौडा, नारायणगढ, ईटहरी, काठमाडौं, बुटवल, तुल्सीपुर सहित ८ स्थानमा व्यवसायिक साक्षरता तथा बाग्लुङ्गमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ । व्यवसायीक तथा वित्तीय साक्षरता कार्यक्रममा कुल ३३० जनाको सहभागीता रहेको थियो ।



# साहित्य

## स्वाभिमान जिन्दगी

देख्दिन म तो वोतलमा जिन्दगी
मात्र वेदना वोकेको महलमा जिन्दगी
विदेशी संस्कृतिमा रमाउनू भन्दा पनि
नेपालीपनको शान छ मादलमा जिन्दगी
आफ्नो स्वाभिमानमा रमाउनू पर्छ तिमी अनि म
तिम्रो मेरो प्यारमा चल्छ पलपलमा जिन्दगी
भ्रष्टाचार गरी चढेको तो चिल्लो कार भन्दा नि
बरू सम्मान छ गरिव चढ्ने साईकलमा जिन्दगी





लिलानाथ अधिकारी (कपिल)
कटारी शाखा



दिपक प्रसाद शर्मा
बुटवल शाखा

## आजै देखि

सफलताको शिखर चुम्न संघर्ष गर आजै देखि ।
गलत विचार, धारणाहरू सबै त्याग आजै देखि ॥
नसोच तिमी कहिल्यै पनि अरू भन्दा ठूलो भयौ ।
फलेको हाँगो झुके झैं झुक्ने गर आजै देखि ॥
आफ्नो काम कर्तव्यलाई उच्च दर्जामा राख्ने गर ।
आफ्ना गल्ती मान्नेछु भनी बाचा गर आजै देखि ॥



## सधैं उत्कृष्ट

संधै संधै उत्कृष्ट स्वभीमान मुक्तिनाथको
बैंक जनतामा जानु पर्ने पहिचान मुक्तिनाथको ।

गाउँ दुर दराजमा साक्षरता फैलाउँदै
एक व्यक्ति एक खाता अभियान मुक्तिनाथको ॥

एक परिवार एक उद्यमी बनाउन अघि बढ्दै
समाजमा छुट्टै मान-सम्मान मुक्तिनाथको ॥।

सातै प्रदेश जता ततै फैलिनाले
सुन्ने गर्छौं आजभोली वयान मुक्तिनाथको ॥॥





सन्जय कृतन भण्डारी
बेशीसहर शाखा



## यथार्थ



को धनी को गरिव, रगत सबैको रातो हुन्छ
बाँचुन्जेल चल्ने सास एउटै, मरेपछि त माटो हुन्छ
अनेक रूप अनेक रंग मान्छको जात एउटै हुन्छ
ईश्वर, अल्लाह, प्रभु, येशु आखिरमा देउता एउटै हुन्छ

युद्धले संसार जितेको छैन ईतिहास पल्टाई हेर
जित्न सक्छौ तिमीले संसार माया गरी हेर
के ल्याएथ्यौ, के छोडि जान्छौ, एक पल्ट सोची हेर
सुन्दर बन्नेछ तिम्रो संसार घमण्ड त्यागी हेर

छुवाछुत रंगभेद हामी सबै मिली त्याग्नुपर्छ
अन्धबिश्वासको कालो जालो जरै देखि फ्याक्नुपर्छ
संसारमा अजम्मरी केही छैन, सबैले एकदिन जानुपर्छ
हासी खुशी, मिलि जुली सहयोग र सद्भाव साथ बाँच्नु पर्छ ।

सन्तोष दाहाल
केन्द्रीय कार्यालय, कमलादी

# वार्षिकोत्सव विशेष कार्यक्रम

## शाखा उद्घाटन

मुक्तिनाथ विकास बैंक लि.ले २०७६ पौष १९ गते १३ औं वर्ष पार गरी १४ औं वर्षमा प्रवेश गरेको अवसरमा विभिन्न कार्यक्रम गरेको छ । यसै दिन बैंकले डिजिटल माध्यमद्वारा एकैसाथ १८ वटा शाखाको केन्द्रीय कार्यालयबाटै समुद्घाटन गरेको छ । काठमाडौंको बत्तिसपुतली, ललितपुरको भैंसेपाटी, नुवाकोटको बट्टार, कास्कीको नदीपुर र बेगनासताल, तनँहूको आँबुखैरेनी, लमजुङ्को बेसीशहर, चितवनको टाँडी, नवलपुरको गैंडाकोट, पाल्पाको




रामपुर, दाङ्को लमही, बाँकेको कोहलपुर, कैलालीको लम्की र धनगढी, झापाको काँकरभिट्टा, ईलामको इलाम, धनकुटाको धनकुटा र सुनसरीको दुहवी शाखाको औपचारीक समुद्घाटन बैंकका अध्यक्ष श्री भरत राज ढकालले गर्नुभएको थियो ।

## छात्रवृत्ति, स्टेशनरी तथा सामाग्रीहरू वितरण

बैंकले देशका सातै प्रदेशका क्षेत्रीय तथा शाखा कार्यालयहरूमा विभिन्न सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रमहरू गरेको छ । जसमध्ये, विभिन्न विद्यालयका जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण, विद्यालयमा स्टेशनरीका सामाग्रीहरू तथा फर्नीचर वितरण, विभिन्न अनाथलय तथा वृद्धाश्रममा खाद्यान्न तथा लत्ताकपडा वितरण, चेपाङ्ग संरक्षण समितिलाई




खाद्यान्न वितरण, विभिन्न ठाउँहरूमा डस्टवीन वितरण, तराईका शीत लहरबाट प्रभावित क्षेत्रहरूमा कम्बल वितरण, एम्बुलेन्सलाई आवश्यक मर्मतसम्भार, अस्पतालमा विरामी कुरूवा बस्ने कुर्सी आदि सहयोग गरेको छ ।




## रक्तदान कार्यक्रम

बैंकको क्षेत्रीय तथा शाखा कार्यालयहरूले वृहत रक्तदान कार्यक्रम पनि सञ्चालन गरेका छन् । काठमाडौंको कमलादी, काभ्रेको बनेपा, धादिङ्को धादिङ्बेशी, रूपन्देहीको बुटवल, धनुषाको जनकपुर र कास्कीको नदीपुर शाखा कार्यालयहरूमा रक्तदान कार्यक्रम पनि सम्पन्न भएको छ । बैंकले रक्तदान कार्यक्रमबाट कुल ४०० युनिट रगत संकलन गरी नेपाल रेडक्रसलाई हस्तान्तरण गरेको थियो ।

# कर्मचारी तालिम तथा गोष्ठी

**मुक्तिनाथ विकास बैंकले कर्मचारीहरूको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले विभिन्न समयमा विभिन्न किसिमका तालिम तथा गोष्ठीमा कर्मचारीहरूलाई सहभागी गराउँदै आएको छ ।**

**२०७६ श्रावण देखि २०७६ पौष मसान्तसम्म गरिएका मुख्य कार्यक्रमहरू यस प्रकार रहेका छन् ।**



१. National Management Services ले मिति २०७६ श्रावण ९ र १० गते काठमाडौंमा आयोजना गरेको "Stores & Assets Management Fundamentals" तालिममा सामान्य सेवा विभागका ३ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।

२. KFA ले मिति २०७६ श्रावण १० र ११ गते काठमाडौंमा आयोजना गरेको "Treasury Back Office Management (Forex) "तालिममा ट्रेजरी विभागका श्री शंकर लामा सहभागी हुनुभएको थियो ।

३. Nepal Rastra Bank ले मिति २०७६ श्रावण १० गते काठमाडौंमा आयोजना गरेको "ECC and IPS Interaction" तालिममा क्लीयरिङ्ग विभागका श्री आरती श्रेष्ठ सहभागी हुनुभएको थियो ।

४. Nepal Banking Institute ले मिति २०७६ श्रावण २३ गते काठमाडौं आयोजना गरेको "Deliberation on Contemporary Banking - 2019" तालिममा शाखा प्रमुख श्री रमेश कुमार खतिवडा र श्री कृष्ण प्रसाद घिमिरे सहभागी हुनुभएको थियो ।

५. Centre for Management ले मिति २०७६ श्रावण २५ गते काठमाडौंमा आयोजना गरेको "Essential Matters Revised by the Labor Act & Economic Legislation 2076" कार्यक्रममा बैंकका ३ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।

६. Banking Training Institute ले मिति २०७६ श्रावण २५ गते काठमाडौं आयोजना गरेको "Credit Risk Management" तालिममा जोखिम विभागका श्री तारा प्रसाद अर्याल र श्री वन्दना पौडेल सहभागी हुनुभएको थियो ।

७. मुक्तिनाथ विकास बैंकले मिति २०७६ श्रावण २५ गते इटहरीमा आयोजना गरेको "Comprehensive Credit Management" तालिममा आधुनिक बैंकिङ्ग तर्फ कार्यरत ३० जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।

८. मुक्तिनाथ विकास बैंकले मिति २०७६ श्रावण २४ गते देखि २६ गते सम्म काठमाडौंमा आयोजना गरेको "Monitoring & Supervision" तालिममा साना तथा लघु बैंकिङ्ग तर्फ कार्यरत २० जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।

९. मुक्तिनाथ विकास बैंकले मिति २०७६ श्रावण ३२ गते पोखरामा आयोजनामा गरेको "Pagal vayeu ki kya ho" सेमिनारमा बैंकका १३४ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।

१०. National Banking Institute ले मिति २०७६ श्रावण ३१ गते पोखरामा आयोजना गरेको "SME Leanding" तालिममा साना तथा लघु बैकिङ्ग तर्फ कार्यरत ५ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।

११. Banking Finance & Insurance ले काठमाडौंमा आयोजना गरेको "SME Financing & Entrepreneurship Development" तालिममा साना तथा लघु बैंकिङ्ग तर्फ कार्यरत ६ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।

१२. Growth Leadership Academy ले मिति २०७६ भाद्र ५ गते ललितपुरमा आयोजना गरेको "Sales Summit 2019-Beyoud Orthodox Innovation in Saving" कार्यक्रममा बजारीकरण विभाग प्रमुख श्री बसन्त बक्सी सहभागी हुनुभएको थियो ।

१३. मुक्तिनाथ विकास बैंकले मिति २०७६ भाद्र ७ गते बुटवलमा आयोजना गरेको "Leadership Seminar" मा बैंकका ११६ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।

१४. नेपाल राष्ट्र बैंकले मिति २०७६ भाद्र १० गते वीरगञ्जमा आयोजना गरेको "NRB Interaction Program" मा वीरगञ्ज शाखाका प्रमुख श्री अशोक राजभण्डारी सहभागी हुनुभएको थियो ।

१५. नेपाल राष्ट्र बैंकले मिति २०७६ भाद्र १३ गते काठमाडौंमा आयोजना गरेको "NRB Supervisory Information System" कार्यक्रममा रिर्पोटिङ्ग विभाग प्रमुख श्री हरि भक्त पुजारी सहभागी हुनुभएको थियो ।

१६. Independent Research & Investment Co. Pvt. Ltd. ले मिति २०७६ भाद्र २१ गते जनकपुरमा आयोजना गरेको "Collateral/Mortgage Security Management" तालिममा आधुनिक बैंकिङ्का श्री चन्द्र कुमार शाह र श्री सुमन कुमार झा सहभागी हुनुभएको थियो ।
१७. AIMT Training Solutions PVt. Ltd. ले मिति २०७६ भाद्र २१ गते काठमाडौंमा आयोजना गरेको "National Conference on "Connect to Conquer" कार्यक्रममा बैंकका ४ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।
१८. ESAF Small Finance Bank ले मिति २०७६ भाद्र १८ गते देखि २० गते सम्म केरला, भारतमा आयोजना गरेको "3rd GABV Asia Pacific Chapter Meet" कार्यक्रममा बैंकको प्रमुख कार्यकारी अधिकृत श्री प्रद्युमन पोखरेल सहभागी हुनुभएको थियो ।
१९. Shrawan Kumar Support Pvt. Ltd. ले मिति २०७६ भाद्र २६ गते देखि २७ गते सम्म काठमाडौंमा आयोजना गरेको २ दिने "Enhancing Management Mantra" तालिममा साना तथा लघुबैकिङ्ग तर्फबाट ३ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।
२०. मुक्तिनाथ विकास बैंकले मिति २०७६ भाद्र २८ गते नेपालगञ्जमा आयोजना गरेको "Comprehensive Credit Management" तालिममा आधुनिक बैकिङ्ग तर्फ कार्यरत २७ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।
२१. National Banking Institute ले मिति २०७६ असोज २ र ३ गते काठमाडौंमा आयोजना गरेको "Operational Risk Management" तालिममा जोखिम व्यवस्थापन विभागकी श्री विपना अर्याल वाग्ले सहभागी हुनुभएको थियो ।
२२. National Banking Institute ले मिति २०७६ असोज २ गते काठमाडौंमा आयोजना गरेको "Preventing Cyber Financial Frauds" तालिममा सहायक नायव प्रमुख कार्यकारी अधिकृत श्री तिल बहादुर गुरूङ्ग र सुचना तथा प्रविधि विभाग प्रमुख श्री सर्वेश श्रेष्ठ सहभागी हुनुभएको थियो ।
२३. मुक्तिनाथ विकास बैंकले मिति २०७६ असोज २ र ३ गते पोखरामा आयोजना गरेको "Comprehensive Credit Management" तालिममा आधुनिक बैकिङ्ग तर्फ कार्यरत ८१ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।



२४. Nepal Clearing House ले मिति २०७६ असोज ६ गते जनकपुरमा आयोजना गरेको "NCHL IPS and Connect IPS Epayment Orientation & End User Training" मा आधुनिक बैकिङ्ग तर्फ कार्यरत श्री सुधिर कुमार ठाकुर सहभागी हुनुभएको थियो ।
२५. Chaitanya Academy Nepal ले मिति २०७६ असोज ३ र ४ गते धुलिखेलमा आयोजना गरेको " Nepal Dimensions of Transformation" कार्यक्रममा सहायक प्रमुख कार्यकारी अधिकृत श्री गोविन्द बहादुर राउत सहभागी हुनुभएको थियो ।
२६. मुक्तिनाथ विकास बैंकले मिति २०७६ असोज १० र ११ गते काठमाडौंमा आयोजना गरेको "Comprehensive Credit Management" तालिममा आधुनिक बैकिङ्ग तर्फ कार्यरत ७८ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।
२७. मुक्तिनाथ विकास बैंकले मिति २०७६ असोज १० गते ईटहरीमा आयोजना गरेको "Information Technology Related Training" मा आधुनिक बैकिङ्ग तर्फ कार्यरत २७ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।
२८. मुक्तिनाथ विकास बैंकले मिति २०७६ असोज ११ गते धादिङ्गमा आयोजना गरेको "GoAML/CFT & Operation Related Training" मा आधुनिक बैकिङ्ग तर्फ कार्यरत २३ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।
२९. Smart Hub ले मिति २०७६ असोज १० गते भरतपुरमा आयोजना गरेको "Trianing on Managing Up" मा आधुनिक बैकिङ्ग तर्फ कार्यरत ९ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।
३०. Development Banker's Association ले मिति २०७६ असोज २९ गते काठमाडौंमा आयोजना गरेको "Interaction Program on FLU Software System GoAML" मा अनुपालन विभाग प्रमुख श्री सरोज दाहाल सहभागी हुनुभएको थियो ।
३१. Nepal Rastra Bank ले मिति २०७६ असोज २९ गते काठमाडौंमा आयोजना गरेको "Interaction Program on NFRS" मा बैंकका प्रमुख वित्त अधिकृत श्री सन्दिप कुमार दाहाल सहभागी हुनुभएको थियो ।
३२. Shrawan Kumar Support Pvt. Ltd. ले मिति २०७६ कात्तिक १ र २ गते जनकपुरमा आयोजना गरेको "Training Program on Enhancing Management Mantra" मा साना तथा लघुबैकिङ्ग तर्फ कार्यरत ८ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।
३३. National Banking Institute ले मिति २०७६ कात्तिक १ गते काठमाडौंमा आयोजना गरेको "Certification on Merger and Acquisition" तालिममा बैंकका नायव प्रमुख कार्यकारी अधिकृत श्री समिर शेखर बज्राचार्य सहभागी हुनुभएको थियो ।
३४. Shrawan Kumar Support Pvt. Ltd. ले मिति २०७६ कात्तिक २ गते जनकपुरमा आयोजना गरेको "Customer Care and Credit Appraisal" तालिममा साना तथा लघुबैकिङ्ग तर्फ कार्यरत १० जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।

३५. Smart Hub ले मिति २०७६ कात्तिक २ गते पोखरामा आयोजना गरेको "Workshop on Art of Selling and Customer Service" मा आधुनिक बैकिङ्ग तर्फ कार्यरत ५ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।

३६. Asia Pacific Rural & Agriculture Credit Association (APRACA) ले मिति २०७६ कार्तिक २६ गते देखि २८ गते सम्म दिल्ली, भारतमा आयोजना गरेको "6th World Congress on RAF" सेमिनारमा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री प्रद्युमन पोखरेल र साना तथा लघु बैंकिङ्ग प्रमुख श्री विजय कुमार गुरूङ्ग सहभागी हुनुभएको थियो ।

३७. Smart Hub ले मिति २०७६ कात्तिक २७ गते नुवाकोटमा आयोजना गरेको "Customer Service Workshop" तालिममा आधुनिक बैकिङ्ग तर्फ कार्यरत ३ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।

३८. Development Bankers Association ले मिति २०७६ कात्तिक २८ गते काठमाडौंमा आयोजना गरेको "Interaction Program" मा अनुपालन विभागका प्रमुख श्री सरोज दाहाल सहभागी हुनुभएको थियो ।

३९. Nepal Remitters Association ले मिति २०७६ कात्तिक २९ गते काठमाडौंमा आयोजना गरेको "Interaction Program" मा रेमिट विभागका श्री सागर रेग्मी सहभागी हुनुभएको थियो ।

४०. National Banking Institute ले मिति २०७६ कात्तिक २९ र ३० गते इटहरीमा आयोजना गरेको "Financial Statement Analysis" तालिममा आधुनिक बैकिङ्ग तर्फ कार्यरत ३ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।

४१. Banking Finance and Insurance Institute ले मिति २०७६ कात्तिक २५ गते देखि २९ गतेसम्म काठमाडौंमा आयोजना गरेको "Managing Foreign Exchange Business and Its Risk" तालिममा माछापोखरी शाखाका शाखा प्रमुख श्री शंकर पुरी सहभागी हुनुभएको थियो ।

४२. Centre for Microfinance Nepal ले मिति २०७६ मंसिर ४ गते देखि ६ गतेसम्म काठमाडौंमा आयोजना गरेको "Managing Field /Branch Operation (MFO)" तालिममा साना तथा लघुबैकिङ्ग तर्फ कार्यरत ५ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।

४३. Banking Finance and Insurance Institute ले मिति २०७६ मंसिर ४ गते काठमाडौंमा आयोजना गरेको "MFIs Board of Directors & Management Consortium 2019" कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत श्री प्रद्युमन पोखरेल र सहायक प्रमुख कार्यकारी अधिकृत श्री गोविन्द बहादुर राउत सहभागी हुनुभएको थियो ।

४४. SQL HELPS Pvt. Ltd. ले मिति २०७६ मंसिर १३ र १४ गते काठमाडौंमा आयोजना गरेको "SQL HELPS" तालिममा सूचना तथा प्रविधि विभागका श्री गोविन्द कायस्थ र रिर्पोटिङ्ग युनिट प्रमुख श्री हरि भक्त पुजारी सहभागी हुनुभएको थियो ।

४५. मुक्तिनाथ विकास बैंकले मिति २०७६ मंसिर १३ र १४ गते काठमाडौंमा आयोजना गरेको "Training of Trainers (TOT) & Effective Marketing and Customer Service for Field Staffs" तालिममा साना तथा लघुबैकिङ्ग तर्फ कार्यरत ३७ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।



४६. Nepal Rastra Bank ले मिति २०७६ मंसिर २३ गते देखि २५ गते सम्म काठमाडौंमा आयोजना गरेको "National Risk Management" तालिममा बैंकका सहायक नायव प्रमुख कार्यकारी अधिकृत श्री तिल बहादुर गुरूङ्ग सहभागी हुनुभएको थियो ।

४७. मुक्तिनाथ विकास बैंकले मिति २०७६ मंसिर २८ गते पोखरामा आयोजना गरेको "Credit and Recovery Management" तालिममा बैंकको ६१ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।

४८. मुक्तिनाथ विकास बैंकले मिति २०७६ मंसिर २९ गते पोखरामा आयोजना गरेको "Credit and Recovery Management" तालिममा बैंकको ५३ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।

४९. Nepal Rastra Bank ले मिति २०७६ पौष ३ गते काठमाडौंमा आयोजना गरेको "Interaction Program" मा सिकाई तथा विकास विभाग प्रमुख श्री शर्मिला लम्साल सहभागी हुनुभएको थियो ।

५०. Nepal Rastra Bank ले मिति २०७६ पौष ४ गते गोरखामा आयोजना गरेको "Interaction Program" मा गोरखा शाखाका शाखा प्रमुख श्री अरूण ढकाल सहभागी हुनुभएको थियो ।

५१. Nepal Rastra Bank ले मिति २०७६ पौष ६ गते काठमाडौंमा आयोजना गरेको "Interaction Program" मा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री प्रद्युमन पोखरेल सहभागी हुनुभएको थियो ।

५२. मुक्तिनाथ विकास बैंकले मिति २०७६ पौष १२ गते सिद्धिचरणमा आयोजना गरेको "SMB Product and Policy Related-8th Master Class" मा साना तथा लघुबैकिङ्ग तर्फ कार्यरत १२ जना कर्मचारीहरू सहभागी हुनुभएको थियो ।

५३. Growth Sellers ले मिति २०७६ पौष ११ गते काठमाडौंमा आयोजना गरेको "Nepal Management Conclave 2019" मा बैंकका सहायक नायव प्रमुख कार्यकारी अधिकृत श्री तिल बहादुर गुरूङ्ग सहभागी हुनुभएको थियो ।

# सामाजिक कार्यहरू

## सरसफाईमा सहभागिता

वाग्मती तथा पोखरा सरसफाई अभियानमा यो विकास बैंक निरन्तर रूपमा सहभागी हुंदै आएको छ । वाग्मती सरसफाई अभियानमा बिगत १५३ हप्तादेखि सहभागी हुंदै आएको तथा पोखरा सरसफाई अभियानमा बैंक शुरू देखि सहभागी हुंदै हाल सम्म १९४ हप्ता सम्म सहभागी भएको छ । यो अभियानमा बैंकमा कार्यरत कर्मचारीहरूको स्वस्फूर्त उत्साहजनक सहभागिता भई रहेको छ । साथै वीरगञ्ज, पर्सा, रामपुर, श्रीनगर, इटहरी, ड्राइभरटोलको सरसफाईमा समेत यस विकास बैंकको सक्रिय सहभागीता रहेको छ ।



## चमेली तामाङलाई राहत सहयोग

उदयपुर जिल्ला कटारी -५, भुल्केको एक झुप्रोमा अति दयनीय अवस्थामा रहेकी २८ बर्षीय सुत्केरी चमेली तामाङलाई खाद्यान्न तथा लत्ताकपडा सहयोग गरेको छ । चमेलीको श्रीमान् सुस्त मनस्थितिका छन् र साथमा २ वर्षीय छोरी र काखमा भर्खर जन्मिएको छोरा छन् । उनको ओढ्ने, ओछ्याउने तथा खाद्यान्न नभएको र पुषको चिसोमा भोक-भोकै झुप्रोमा रहेकी चमेलीलाई बैंकले ओढ्ने, ओछ्याउने तथा खाद्यान्न सहयोग गरेको थियो ।






## बाढी पीडितलाई खाद्यान्न सहयोग

२०७६ भाद्र ३१ गते भएको भारी वर्षाका कारण आएको बाढीबाट प्रभावित क्षेत्र सिराहाको मिर्चैया नगरपालिका वडा नं ६, मुसहर वस्तीका पीडितहरूलाई खाद्यान्न सहयोग गरेको छ । बैंकले ४२ घरधुरीका पीडितहरूलाई खाद्यान्न तथा झुल सहयोग गरेको हो । उक्त बाढीबाट बस्तीमा ठुलो धनजनको क्षती भएको थियो ।

## विविध सहयोग

यस विकास बैंकले विभिन्न क्षेत्र तथा समुदायहरूलाई सहयोग गर्दै आइरहेको छ ।

टरौली कम्युनिटी लाइब्रेरीलाई, लाईबेरी निमार्णका लागि, गुल्मीमा सी.सी.टि.भी. जडानका लागि, गणेश मन्दिर, कमलादीलाई सी.सी.टि.भी. जडानका लागि, भैरहवामा सी.सी.टि.भी जडानका लागि, प्रेम सागर फाउण्डेशनलाई जनभोज कार्यक्रमका लागि, अटिजम केयर नेपाल सोसाइटीलाई तालिम भवन निमार्णका लागि, महाराजगञ्ज काठमाडौमा वृक्षारोपणका लागि, स्याङ्जामा सी.सी.टि.भी जडानका लागि, सक्रिय जेष्ठ नागरीक समाजलाई अल्जाईमर पीडित समूहलाई सहयोगका लागि, गोरखनाथ वेलफेयर सेन्टरलाई सामाजिक कार्यका लागि, स्वामीनारायण मुक्तिनाथ धामलाई कुर्सी खरीदका लागि, आमा मिलन केन्द्र, पोखरालाई एम्बुलेन्स मर्मतको लागि, कर्णाली प्रदेश पर्यटकीय तथा सांस्कृतिक संरक्षण केन्द्र, कालिकोटलाई कालिकोट सामुदायिक विद्यालयको विद्यार्थीहरूको शैक्षिक गुणस्तर सुधार गर्न समावेशीताको आधारमा गरीव, अपाङ्ग, द्वन्द्वपीडित, दलित, महिला र आदिवाशीलाई SEE पास भई काठमाडौंमा अध्ययन गर्न इच्छुक ६ जना विद्यार्थीहरूलाई छात्रवृत्ति, धुर्मुस सुन्तली फाउण्डेसनको बहुप्रतिष्ठित योजना गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्शाला निर्माण तथा अन्य सामाजिक कार्यहरूलाई सहयोग गरेको छ ।

# हाम्रो सहकार्य



**यस विकास बैंकले विभिन्न संस्थाहरूसँग सहकार्य गरी आफ्ना ग्राहकहरूलाई थप सेवा, सुविधा र लाभ प्रदान गर्दै आइरहेको छ । बैंकले विभिन्न व्यवसायिक संस्थाहरूसँग सहकार्य गरी ग्राहकहरूलाई विशेष छुटमा सेवा तथा सुविधा उपलब्ध गराउने ब्यवस्था गरेको छ ।**

**ग्राहकहरूलाई विशेष छुट**

| क्र.सं. | अस्पताल तथा ल्याव | ठेगाना | छुट% |
|---|---|---|---|
| १. | सुमेरू सिटी हस्पिटल | पुल्चोक, ललितपुर | १०% |
| २. | दीर्घायु गुरू हस्पिटल तथा रिसर्च सेन्टर प्रा. लि. | चाबहिल, काठमाडौं | १५% |
| ३. | ब्लु क्रस हस्पिटल | त्रिपुरेश्वर, काठमाडौं | १२% |
| ४. | क्राउन ल्याब्रोटरी तथा रिफेरल सेन्टर | भाटभटेनी, काठमाडौं | २५% |
| ५. | नेपाल क्यान्सर हस्पिटल | हरिसिद्धि, ललितपुर | १०% |
| ६. | चिरायु नेशनल हस्पिटल | रिङ्गरोड, काठमाडौं | १५% |
| ७. | ओम समाज डेण्टल हस्पिटल | चाबहिल, काठमाडौं | १५% |
| ८. | ग्राण्डी ईन्टरनेशनल हस्पिटल | टोखा, काठमाडौं | ८% |
| ९. | विराट आई हस्पिटल | विराटनगर | १५% |
| १०. | सञ्जिवनी हस्पिटल तथा आई भि एफ सेन्टर प्रा. लि. | विराटनगर | १५% |
| ११. | टेस्ला डाइग्नोसिस क्लिनीक प्रा. लि. | वालुवाटार, काठमाडौं | १०% |
| १२. | नर्भिक इन्टरनेशनल हस्पिटल | थापाथली, काठमाडौं | १०% |
| क्र.सं. | गहना पसल | ठेगाना | छुट% |
| १. | देव कर्नर ज्वेलरी | नक्साल, काठमाडौं | २५% |
| क्र.सं. | होटेल / रिसोर्ट | ठेगाना | छुट% |
| १. | ग्रीनवीच भिलेज होटेल प्रा. लि. | कुपन्डोल हाइट, ललितपुर | १०% |
| २. | गोदावरी भिलेज रिसोर्ट प्रा. लि. | गोदावरी, ललितपुर | १०% |
| ३. | होटेल साम्बला | महाराजगञ्ज, काठमाडौं | १५% |
| ४. | बीबी होलिडेज | नागपोखरी, काठमाडौं | १०% |
| ५. | धुलिखेल माउन्टेन रिसोर्ट | धुलिखेल, काठमाडौं | १०% |
| ६. | रूपाकोट रिसोर्ट | रूपाकोट, पोखरा | १५% |
| ७. | होटल ए. एन. प्लाजा | चन्द्रपुर, रौतहट | १५% |
| क्र.सं. | स्पा | ठेगाना | छुट% |
| १. | ट्राङ्क्वीलीटि स्पा | ठमेल, काठमाडौं | ३०% |

**सम्झौता**

| क्र.सं. | अटोमोवाइल | ठेगाना |
|---|---|---|
| १. | एड्भान्स अटोमोवाइल प्रा. लि. (रिनल्ट भेहिकल) | थापाथली, काठमाडौं |
| २. | एमएस बीआरबी मोटर वर्कस् प्रा. लि. (सुजुकी भेहिकल) | सल्लाघारी, भक्तपुर |
| ३. | सिप्रदी ट्रेडिङ प्रा. लि. | थापाथली, काठमाडौं |
| ४. | भीजी अटोमोवाइल (टेम्पु) | भिमसेनस्थान, काठमाडौं |
| ५. | नेपाल जेनेरल मार्केटिङ्ग | जमल, काठमाडौं |
| क्र.सं. | गैर-सरकारी संस्था | ठेगाना |
| १. | iDE Nepal | पाटन, ललितपुर |
| २. | Buildup Nepal | पाटन, ललितपुर |
| ३. | Mott MacDonald | पाटन, ललितपुर |
| ४. | Avsar Foundation | काठमाडौं |

## ई-सेवा (E-Sewa) मार्फत खाता खोल्न सकिने

मुक्तिनाथ विकास बैंक र **E-Sewa** बीच यस बैंकको बचत खाता **E-Sewa** बाटै खोल्न सकिने सम्झौता भएको छ । यो सम्झौता अनुसार **E-sewa** ले नियुक्त गरेका एजेन्ट/प्रतिनिधिहरू मार्फत मुक्तिनाथ विकास बैंकको बचत खाता खोल्न सकिनेछ । यी बचत खाताहरूमा पहिलो वर्षको लागि मोवाईल बैंकिङ्ग सेवा निशुल्क उपलब्ध हुनेछ । यस सम्झौता पश्चात ग्राहकहरू खाता खोल्नका लागि बैंक सम्म पुग्न नपर्ने र आफ्नो नजिकको **E-Sewa** प्रतितिधि मार्फत सजिलै खाता खोल्न सक्नु हुनेछ ।

# मुक्तिनाथ परिवार

## मुक्तिनाथ कृषि कम्पनी




मुक्तिनाथ विकास बैंकले कृषि क्षेत्रमा लगानी विस्तारको लागि मुक्तिनाथ कृषि कम्पनीसंग सहकार्य गरेको छ । मुक्तिनाथ कृषि कम्पनीले मुक्तिनाथ ब्राण्डमा उत्पादित वस्तुहरूको बजारीकरणको लागि उपभोक्ता सर्वेक्षणको लागि डिजिटल फर्म तयारी गरेको छ । कृषि फार्म, लघुवित्त समूह, कम्पनिहरू तथा फार्म ईनपुट, उत्पादक र सप्लायर्सहरूको तथ्याङ्क संकलन तथा व्यवस्थापन गर्ने कार्य निरन्तर भैरहेको छ । बीउ उत्पादन, बिक्रि वितरण तथा आयात गर्ने लाइसेन्स लिने, मुक्तिनाथ ब्राण्डमा अर्गानिक मल उत्पादन, प्याकेजिङ्ग, ल्याव टेष्ट गरी बिक्रि वितरणको सुरूवात गरी सकेको छ । साथै कृषि सामाग्रीहरू, औजार, मल, विषाधि खरिद बिक्रि सम्बन्धी व्यवसाय सम्भाव्यता अध्ययन गरेको छ । त्यसैगरी कम्पनीले ललितपुरको गोदावारी गोदामचौरमा १५ रोपनी जग्गा १० वर्ष लिज सम्झौता गरी वार्षिक ५०,०००/- फलफूलका बिरूवा उत्पादन गर्ने क्षमताको मोडेल नर्सरी र स्याङ्गजामा सुन्तला नर्सरी स्थापना गरी सञ्चालनमा ल्याएको छ । मुक्तिनाथ ब्राण्डमा प्याकेजिङ्ग गरी २७ प्रकारका स्थानीय ईम्प्रुभ्ड तरकारीका बीउ तथा केही हाईब्रिड बीउ बिक्रि वितरण गरी रहेको छ ।

---

## भिवोर क्यापिटल अब मुक्तिनाथ क्यापिटल

भिवोर क्यापिटल अब मुक्तिनाथ क्यापिटल भएको छ । मुक्तिनाथ विकास बैंकले भिवोर क्यापिटल लि.को जारी पूँजीमा ५८.७५% सेयर लगानी गरी आफ्नो सहायक कम्पनीको रूपमा सञ्चालन गरेको हो । मुक्तिनाथ विकास बैंकले आफ्नो पहलमा  पूँजी बजार (मर्चेण्ट बैंकिङ्) प्रवर्द्धनको लागि मुक्तिनाथ क्यापिटलमा लगानी गरी सेवाको दायरालाई फराकिलो बनाउने प्रयास गरेको छ । समावेशी वित्तीय सेवाको अलवा पूँजी बजार क्षेत्रमा पनि उत्कृष्ट सेवा प्रदान गर्ने बैंकले लक्ष्य लिएको छ ।

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
समृद्ध लगानी...

# हाम्रो शाखा सञ्जालहरू

| | | | |
|---|---|---|---|
| **PROVINCE 1** | | | |
| 1 | Siddhicharan | Okhaldhunga | 9802306001 |
| 2 | Rampur | Okhaldhunga | 9802306032 |
| 3 | Manebhanjyang | Okhaldhunga | 9802306045 |
| 4 | Katari | Udayapur | 9802306046 |
| 5 | Dhankuta | Dhankuta | 9802306122 |
| 6 | Itahari | Sunsari | 9802306063 |
| 7 | Inaruwa | Sunsari | 9802306064 |
| 8 | Dharan | Sunsari | 9802306065 |
| 9 | Duhabi | Sunsari | 9802306123 |
| 10 | Biratnagar | Morang | 9802306051 |
| 11 | Urlabari | Morang | 9802306086 |
| 12 | Ilam | Ilam | 9802306162 |
| 13 | Damak | Jhapa | 9802306058 |
| 14 | Birtamod | Jhapa | 9802306076 |
| 15 | Kakarbhitta | Jhapa | 9802306133 |
| **PROVINCE 2** | | | |
| 16 | Birgunj | Parsa | 9802306063 |
| 17 | Chandrapur | Rautahat | 9802306059 |
| 18 | Lalbandi | Sarlahi | 9802306066 |
| 19 | Bardibas | Mahottari | 9802306067 |
| 20 | Janakpur | Dhanusa | 9802306062 |
| 21 | Mirchaiya | Siraha | 9802306073 |
| 22 | Golbazar | Siraha | 9802306075 |
| 23 | Lahan | Siraha | 9802306074 |
| **BAGMATI PROVINCE** | | | |
| 24 | Banepa | Kavrepalanchok | 9802306089 |
| 25 | Maharajgunj | Kathmandu | 9802306030 |
| 26 | Kamaladi | Kathmandu | 9802306035 |
| 27 | Sitapaila | Kathmandu | 9802306040 |
| 28 | New Baneshwor | Kathmandu | 9802306048 |
| 29 | New Road | Kathmandu | 9802306049 |
| 30 | Kuleshwor | Kathmandu | 9802306050 |
| 31 | Chabahil | Kathmandu | 9802306052 |
| 32 | Koteshwor | Kathmandu | 9802306061 |
| 33 | Machhapokhari | Kathmandu | 9802306060 |
| 34 | Thamel | Kathmandu | 9802306070 |
| 35 | Jorpati | Kathmandu | 9802306071 |
| 36 | Battisputali | Kathmandu | 9802306084 |
| 37 | Dhungaadda | Kathmandu | 9802306095 |
| 38 | Kirtipur | Kathmandu | 9802306096 |
| 39 | Tokha | Kathmandu | 9802306099 |
| 40 | Lagankhel | Lalitpur | 9802306055 |
| 41 | Kupondole | Lalitpur | 9802306080 |
| 42 | Bhaisepati | Lalitpur | 9802306081 |
| 43 | Imadole | Lalitpur | 9802306088 |
| 44 | Badegaun | Lalitpur | 9802306097 |
| 45 | Kamalbinayak | Bhaktapur | 9802306054 |
| 46 | Suryabinayak | Bhaktapur | 9802306098 |
| 47 | Thimi | Bhaktapur | 9802306086 |
| 48 | Ghothatar | Bhaktapur | 9802306100 |
| 49 | Dhading Besi | Dhading | 9802306027 |
| 50 | Galchhi | Dhading | 9802306028 |
| 51 | Puchhar Bazar | Dhading | 9802306112 |
| 52 | Aadamghat | Dhading | 9802306113 |
| 53 | Salyantar | Dhading | 9802306114 |
| 54 | Dharke | Dhading | 9802306115 |
| 55 | Benighat | Dhading | 9802306116 |
| 56 | Aarughat | Dhading | 9802306029 |
| 57 | Narayangadh | Chitawan | 9802306015 |
| 58 | Kholesimal | Chitawan | 9802306110 |
| 59 | Parbatipur | Chitawan | 9802306039 |
| 60 | Parsa | Chitawan | 9802306041 |
| 61 | Hakimchowk | Chitawan | 9802306083 |
| 62 | Tandi | Chitawan | 9802306125 |
| 63 | Hetauda | Makwanpur | 9802306037 |
| 64 | Manahari | Makwanpur | 9802306038 |
| 65 | Battar | Nuwakot | 9802306124 |
| 66 | Kamalamai | Sindhuli | 9802306069 |

| | | | |
|---|---|---|---|
| **GANDAKI PROVINCE** | | | |
| 67 | Syangja | Syangja | 9802306001 |
| 68 | Waling | Syangja | 9802306002 |
| 69 | Galyang | Syangja | 9802306003 |
| 70 | Bayarghari | Syangja | 9802306006 |
| 71 | Chapakot | Syangja | 9802306018 |
| 72 | Phedikhola | Syangja | 9802306101 |
| 73 | Arjunchaupari | Syangja | 9802306102 |
| 74 | Biruwa | Syangja | 9802306103 |
| 75 | Mirmi | Syangja | 9802306104 |
| 76 | Jugle | Syangja | 9802306105 |
| 77 | Prithivichowk | Kaski | 9802306004 |
| 78 | Gagangaunda | Kaski | 9802306005 |
| 79 | Baidam | Kaski | 9802306008 |
| 80 | Harichowk | Kaski | 9802306011 |
| 81 | Nayapul | Kaski | 9802306014 |
| 82 | Chhorepatan | Kaski | 9802306022 |
| 83 | Hemja | Kaski | 9802306023 |
| 84 | Budhibazar | Kaski | 9802306024 |
| 85 | Kahukhola | Kaski | 9802306026 |
| 86 | Amarsingh Chowk | Kaski | 9802306078 |
| 87 | Zero K.M. | Kaski | 9802306079 |
| 88 | Lamachaur | Kaski | 9802306082 |
| 89 | Chipledhunga | Kaski | 9802306020 |
| 90 | Nadipur | Kaski | 9802306121 |
| 91 | Begnas Taal | Kaski | 9802306129 |
| 92 | Damauli | Tanahun | 9802306007 |
| 93 | Bhimad | Tanahun | 9802306009 |
| 94 | Dumre | Tanahun | 9802306010 |
| 95 | Dulegaunda | Tanahun | 9802306012 |
| 96 | Aanbukhaireni | Tanahun | 9802306131 |
| 97 | Besishahar | Lamjung | 9802306130 |
| 98 | Karkineta | Parbat | 9802306021 |
| 99 | Kushma | Parbat | 9802306077 |
| 100 | Beni | Myagdi | 9802306093 |
| 101 | Gorkha | Gorkha | 9802306092 |
| 102 | Baglung | Baglung | 9802306016 |
| 103 | Gaindakot | Nawalparasi East | 9802306126 |
| 104 | Girubari | Nawalparasi East | 9802306107 |
| 105 | Dedhgaun | Nawalparasi East | 9802306118 |
| 106 | Daldale | Nawalparasi East | 9802306136 |
| **PROVINCE 5** | | | |
| 107 | Rampur | Palpa | 9802306134 |
| 108 | Tansen | Palpa | 9802306025 |
| 109 | Tahu | Palpa | 9802306108 |
| 110 | Sarai | Palpa | 9802306109 |
| 111 | Butwal | Rupandehi | 9802306017 |
| 112 | Bhairahawa | Rupandehi | 9802306019 |
| 113 | Haraiya | Rupandehi | 9802306106 |
| 114 | Ramapur Colony | Rupandehi | 9802306117 |
| 115 | Drivertole | Rupandehi | 9802306056 |
| 116 | Kotihawa | Rupandehi | 9802306057 |
| 117 | Ridi | Gulmi | 9802306111 |
| 118 | Tamghas | Gulmi | 9802306091 |
| 119 | Bhumahi | Nawalparasi West | 9802306034 |
| 120 | Gopigunj | Nawalparasi West | 9802306119 |
| 121 | Tulshipur | Dang | 9802306047 |
| 122 | Ghorahi | Dang | 9802306085 |
| 123 | Lamahi | Dang | 9802306127 |
| 124 | Nepalgunj | Banke | 9802306053 |
| 125 | Kohalpur | Banke | 9802306120 |
| 126 | Gulariya | Bardiya | 9802306090 |
| **KARNALI PROVINCE** | | | |
| 127 | Shreenagar | Salyan | 9802306042 |
| 128 | Tharmare | Salyan | 9802306043 |
| 129 | Luham | Salyan | 9802306044 |
| 130 | Birendranagar | Surkhet | 9802306087 |
| **FAR WEST PROVINCE** | | | |
| 131 | Dhangadhi | Kailali | 9802306072 |
| 132 | Lamki | Kailali | 9802306128 |
| 133 | Mahendranagar | Kanchanpur | 9802306094 |

# Unaudited Financial Results (Quarterly)

As on Quarter ended Poush 2076 (Mid January 2020)

| Particulars | Group | | Bank | |
|---|---|---|---|---|
| | This Quarter Ending | Immediate Previous Year Ending (Audited) | This Quarter Ending | Immediate Previous Year Ending (Audited) |
| **Assets** | | | | |
| Cash and Cash Equivalent | 9,852,062,945 | 8,529,233,371 | 9,748,968,288 | 8,526,257,061 |
| Due from Nepal Rastra Bank | 2,045,827,727 | 1,718,104,528 | 2,045,827,727 | 1,718,104,528 |
| Placement with Bank and Financial Institutions | - | - | - | - |
| Derivative Financials Instrument | - | - | - | - |
| Other Trading Assets | 20,764,624 | 4,390,111 | - | - |
| Loans and Advances to Bank and Financials Institutions | 79,200,000 | - | 79,200,000 | - |
| Loans and Advances to Customers | 45,203,260,489 | 38,144,321,489 | 45,203,260,489 | 38,144,321,489 |
| Investment Securities | 1,979,303,352 | 2,532,353,930 | 1,979,303,352 | 2,516,853,930 |
| Current Tax Assets | - | - | - | - |
| Investment in Subsidiaries | - | - | 117,500,000 | 117,500,000 |
| Investment in Associates | 53,220,757 | 53,220,757 | 53,220,757 | 53,220,757 |
| Investment Property | - | - | - | - |
| Property and Equipment | 814,500,229 | 754,937,858 | 780,151,631 | 720,323,253 |
| Goodwill and Intangible Assets | 11,823,327 | 10,687,859 | 9,108,810 | 7,717,794 |
| Deferred Tax Assets | 40,375,713 | 40,454,987 | 40,281,185 | 39,066,937 |
| Other Assets | 241,645,595 | 151,722,321 | 234,907,981 | 148,030,538 |
| **Total Assets** | **60,341,984,759** | **51,939,427,211** | **60,291,730,219** | **51,991,396,287** |
| **Liabilities** | | | | |
| Due to Bank and Financial Institutions | 5,751,639,856 | 5,305,848,132 | 5,751,639,856 | 5,305,848,132 |
| Due to Nepal Rastra Bank | - | - | - | - |
| Derivative Financials Instrument | - | - | - | - |
| Deposits from Customers | 48,204,104,450 | 41,338,200,003 | 48,238,715,108 | 41,470,704,753 |
| Borrowings | - | - | - | - |
| Current Tax Liabilities | 18,675,849 | 23,349,314 | 27,232,930 | 30,319,060 |
| Provisions | 3,732,070 | 7,306,213 | 3,732,070 | 6,917,913 |
| Deferred Tax Liabilities | - | - | - | - |
| Other Liabilities | 720,015,184 | 732,201,399 | 714,307,865 | 728,103,009 |
| Debt Securities Issued | - | - | - | - |
| Subordinated Liabilities | - | - | - | - |
| **Total Liabilities** | **54,698,167,409** | **47,406,905,060** | **54,735,627,829** | **47,541,892,867** |
| **Equity** | | | | |
| Share Capital | 4,324,989,486 | 3,064,760,123 | 4,324,989,486 | 3,064,760,123 |
| Share Premium | 64,012,143 | - | 64,012,143 | - |
| Retained Earnings | 369,989,532 | 705,631,064 | 367,300,134 | 705,631,064 |
| Reserves | 799,800,628 | 679,112,233 | 799,800,628 | 679,112,233 |
| **Total Equity Attributable to Equity Shareholders** | **5,558,791,788** | **4,449,503,420** | **5,556,102,390** | **4,449,503,420** |
| **Non Controlling Interest** | **85,025,561** | **83,018,730.85** | **-** | **-** |
| **Total Equity** | **5,643,817,349** | **4,532,522,151** | **5,556,102,390** | **4,449,503,420** |
| **Total Equity and Liabilities** | **60,341,984,758** | **51,939,427,211** | **60,291,730,219** | **51,991,396,287** |

**मुक्तिनाथ दर्पणमा लेख, रचना, प्रकाशन गर्नका लागि कर्पोरेट अफेयर्स विभाग हार्दिक स्वागत गर्दछ । यहाँको थप सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

प्रमुख सल्लाहकारः श्री प्रद्युमन पोखरेल
सल्लाहकारः श्री समिर शेखर बज्राचार्य/श्री तिल बहादुर गुरूङ्
प्रमुख सम्पादकः श्री गोविन्द बहादुर राउत
सम्पादक/संकलनः श्री विपना हमाल


**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

केन्द्रीय कार्यालयः काठमाडौं प्लाजा, कमलादी, काठमाडौं
टोल फ्रि नं. १६६००१४९९९९, फ्याक्सः ०१-४१६८६८४
ईमेलः info@muktinathbank.com.np
वेबसाइटः www.muktinathbank.com.np